

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रक्षित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६५१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ १८ गते शनिबार ❑ 3 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## ‘गठबन्धनमा सिट बाँडफाँट सम्मानजनक हुनुपर्दछ’

**पोखरापत्र संवाददाता**
**कास्की, १७ भदौ**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि सत्तागठबन्धन दलमा सिट बाँडफाँटको अन्तिम गृहकार्य भइरहेको जानकारी दिनुभएको छ ।




उहाँले भन्नुभभयो “सिट बाँडफाँट न्यायोचित र सहमतिका साथ हुनुपर्छ । आफ्नो पार्टी सकेसम्म सबैको सम्मान हुने गरी सहमति गर्ने गरी अघि बढेको छ।” पार्टी निकट नेपाल आदिवासी जनजाति महासङ्घ कास्कीको प्रथम भेलाको शुक्रबार पोखरामा शुभारम्भ गर्दै उहाँले गठबन्धनमा सिट बाँडफाँट सम्मानजनक र सहमतिका साथ हुनुपर्दछ भन्नुभयो । अध्यक्ष नेपालले नेकपा (माओवादी केन्द्र), राष्ट्रिय जनमोर्चालगायतका कम्युनिष्ट पार्टीसँग पार्टी एकताको कुराकानी र वार्ता संवाद चलिरहे पनि चुनाव अघि एकता नहुने स्पष्ट पार्नुभयो । “चुनावी तालमेलपछि विचार मिल्दै गयो, काम गर्ने सोच र दृष्टिकोण मिल्यो भने सबै आन्दोलनलाई एकताबद्ध बनाउने पक्षमा छौं । अलग अलग चुलो बाल्न चाहँदैनौं, अलग अलग पसल थाप्न चाहँदैनौं, सबैलाई एउटै ठाउँमा एउटै छातामुनि ल्याउन चाहन्छौं ।” अध्यक्ष नेपालले भन्नुभयो, “चुनाव अघि कसैसँग मिल्न गइरहेका छैनौं, अहिले सम्पूर्ण ध्यान चुनावमा केन्द्रित गरेर लाग्ने पक्षमा छौं ।”

अध्यक्ष नेपालले गठबन्धनको मात्र भर नपरिकन आफ्नो जिल्ला र प्रदेशमा पार्टीको नीति प्रचारप्रसार गर्न र जनवर्गीय सङ्घ सङ्गठनको विस्तारमा ध्यान दिन आग्रह पार्टीका नेता कार्यकर्तालाई आग्रह गर्नुभयो । पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले लोपोन्मुख जाति, भाषा, संस्कृतिको रक्षाका लागि सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

## गोरखा क्षेत्र नम्बर १ बाट अध्यक्ष प्रचण्ड र २ बाट उपाध्यक्ष श्रेष्ठको नाम सिफारिस

**पोखरापत्र संवाददाता**
**गोरखा, १७ भदौ**





नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गोरखाले प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र क्षेत्र नम्बर २ मा उपाध्यक्ष नारायणकाजी श्रेष्ठ (प्रकाश) सहितको नाम सिफारिस गर्ने निर्णय गरेको छ ।

दुई निर्वाचन क्षेत्र र प्रदेशतर्फ चार निर्वाचन क्षेत्र रहेको जिल्लामा माओवादीले प्रस्तावित उम्मेदवारको नाम टुङ्गो लगाएर सिफारिस गर्ने निर्णय गरेको पार्टीका केन्द्रीय सदस्य लेखबहादुर थापामगरले जानकारी दिनुभयो । उहाँका अनुसार प्रत्यक्षतर्फ क्षेत्र १ मा पूर्वप्रधानमन्त्री 'प्रचण्ड'सहित केन्द्रीय सदस्य हरिराज अधिकारी (कुमार) र नेत्री सुशीला सिङ्खडाको नाम सिफारिस गर्ने निर्णय गरेको हो । त्यस्तै प्रदेशसभातर्फ क्षेत्र नम्बर १ (क) मा केन्द्रीय सदस्य लेखबहादुर थापा, अमरबहादुर गुरुङ र पर्शुराम रम्तेलको नाम सिफारिस गरेको केन्द्रीय सदस्य थापामगरले जानकारी दिनुभयो । सोही क्षेत्र अन्तर्गत प्रदेशसभा (ख) मा केन्द्रीय सदस्य कृष्ण धिताल, जगन्नाथ खनाल र ध्रुवकुमार भट्टको नाम सिफारिस गरिएको पार्टीले जनाएको छ।

त्यस्तै प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा पूर्वउपप्रधानमन्त्री श्रेष्ठ सहित पार्टीका केन्द्रीय सचिव हितराज पाण्डे र केन्द्रीय सदस्य लेखनाथ न्यौपानेको र सो क्षेत्र अन्तर्गत प्रदेशसभा (क) मा केन्द्रीय सदस्य खोपबहादुर कँडेल, कमला नहर्की र र धना तमुको नाम सिफारिस गर्ने निर्णय गरिएको छ।

सो क्षेत्र अन्तर्गत प्रदेशसभा (ख) मा पार्टी केन्द्रीय सदस्य भगवती तिवारी, नरबहादुर गुरुङ र वासु पोखरेलको नाम सिफारिस गरिएको छ । माओवादी केन्द्रले जिल्लाअन्तर्गत सङ्घ र प्रदेशका सबै क्षेत्रका लागि समानुपातिकतर्फका उम्मेद्वारको प्रस्तावित नामावलीको समेत टुङ्गो लगाएको जनाएको छ।

## एक सय ५४ विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**

सिद्धि-सेतुली स्मृति प्रतिष्ठान पोखराले विभिन्न विद्यालय तथा क्याम्पसका एक सय ५४ विद्यार्थीलाई आज छात्रवृत्ति र शैक्षिक सामग्री वितरण गरेको छ।

प्रतिष्ठानद्वारा पोखरामा शुक्रबार आयोजित एक कार्यक्रमबीच शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशका शिक्षा निर्देशक अम्बिकाप्रसाद आचार्यलगायतले विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री प्रदान गर्नुभएको हो । उक्त अवसरमा मौला ईस्मालिक सामुदायिक आधारभुत विद्यालय कुँडहर, नवप्रभात सेकेन्डरी बोर्डिङ स्कुल नयाँ बजार, सिर्जना बहिरा आवासीय माध्यमिक विद्यालय अर्घौं, बालमन्दिर माध्यमिक विद्यालय, नदीपुर, ज्ञानभुमी माध्यमिक विद्यालय नदीपुर, महेन्द्र माध्यमिक विद्यालय नयाँबजार र कन्या क्याम्पस नदीपुरका छात्रछात्रालाई छात्रवृत्ति तथा शैक्षिक सामग्री प्रदान गरिएको थियो ।

कार्यक्रममा निर्देशक आचार्यले छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गर्दा लक्षित वर्ग एवम् समुदायका गरिब तथा जेहेन्दार विद्यार्थीमा पुग्नुपर्नेमा जोड दिनुभयो । शैक्षिक संस्थामा म विद्यार्थीका लागि, विद्यार्थी मेरा लागि भन्ने वातावरण तयार गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै उहाँले प्रत्येक बालबालिकाका लागि अभिभावकको धनको लगानी मात्र नभै मनको लगानी हुनु जरुरी रहेको उहाँले बताउनुभयो ।

प्रष्ठानका अध्यक्ष कृष्णप्रसाद बास्तोलाले वितरित छात्रवृत्ति तथा शैक्षिक सामग्रीले विद्यार्थीको शैक्षिक यात्रामा महत्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । प्रतिष्ठानका पूर्वअध्यक्ष नारायण कार्कीले प्रतिष्ठानले समाजिक क्षेत्रमा विभिन्न गतिविधि गर्दै आएको बताउँदै कोभिडका कारण अघिल्ला दुई वर्ष लक्षित योजना प्रभावित भएको बताउनुभयो ।

## गण्डकीमा प्राविधिक शिक्षालय बनाउन कोइकाले सघाउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**

कोरिया इन्टरनेशनल कर्पोरेसन एजेन्सी (कोइका) ले गण्डकी प्रदेशमा प्राविधिक शिक्षालयका पूर्वाधारका लागि सहयोग गर्ने भएको छ। बिहीबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसँग कोइका नेपालका देशीय निर्देशक सडहुन घोले उक्त प्रतिबद्धता जनाउनुभएको हो । प्रदेश सरकारले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानमार्फत गण्डकी प्राविधिक शिक्षालय (जिआइटी) सञ्चालन गर्दैछ। प्रदेशभित्र आवश्यकपर्ने दक्ष जनशक्ति उत्पादन गरी युवालाई रोजगारीमा आबद्ध गर्ने उद्देश्यका प्रदेशले गण्डकी प्राविधिक शिक्षालय सञ्चालनको तयारी गरेको हो । यसका लागि नेपाल सरकारले स्याङ्जाको फेदीखोला गाउँपालिका-१ स्थित गुर्धुममा एक सय ६० रोपनी जग्गा प्रदान गरिसकेको छ । सो अवसरमा मुख्यमन्त्री पोखरेलले दक्षिण कोरियासँग नेपालको पुरानो सम्बन्ध रहेको जानकारी दिनुभयो । गण्डकीमा प्राविधिक शिक्षाका लागि कोइकाले चासो देखाएको प्रति उहाँले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा गिद्ध गणना गरिँद

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**

पोखरामा शनिबार गिद्ध गणना गरिने भएको छ । पोखरा पक्षी समाजको सक्रियतामा प्रत्येक वर्ष सेप्टेम्बरको पहिलो शनिबार गिद्ध गणना गर्ने गरिएअनुसार पोखरामा गिद्ध गणना गर्न लागिएको हो।



प्रत्येक वर्षको सेप्टेम्बरको पहिलो शनिबारलाई अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवसका रुपमा लिने गरिएको पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले जानकारी दिनुभयो । गिद्ध मरेको सिनो खाएर बाँच्ने पक्षी हुन् । यिनीहरूले हानिकारक किटाणु सडेको मासु पचाउनसक्ने भएकाले यिनीहरूलाई प्रकृतिका कुचिकार भन्ने गरिएको छ।

नेपालमा गरिएको विभिन्न अध्ययनले पछिल्लो दुई दशकमा गिद्धको सङ्ख्या झण्डै ९० प्रतिशतले घटेको छ । गाईबस्तुलाई प्रयोग गरिने डाइक्लोफेनेक जस्ता औषधिको प्रयोगका कारण पनि गिद्ध सङ्कटापन्न अवस्थामा पुगेको बताउँदै घिमिरेले पछिल्लो समयमा गाईबस्तु पाल्नेक्रम पनि अत्यधिक कम हुँदै गएको र मरेपछि विगतमा जस्तै फाल्नेक्रम पनि कम हुँदै जाँदा उनीहरूको आहारामा समेत समस्या थपिएको जानकारी दिनुभयो । डाइक्लोफेनेकको प्रयोग गरी उपचार गराइएका पशु मृत्यु भएपछि उक्त सिनो गिद्धले खाएमा मिर्गौलामा असर भई केही दिनमा नै गिद्ध मर्ने गरेको अध्ययनले देखाएको छ । घिमिरेका अनुसार औषधि व्यवस्था विभागले डाइक्लोफेनेकलाई २०६३ साल जेठ २३ देखि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध लगाई त्यसको विकल्पमा गिद्धलगायत अरू पक्षी र वन्यजन्तुलाई असर नगर्ने प्रमाणित भएको मेलोक्सिक्याम औषधि बजारमा ल्याएको छ। विश्वमा पाइने २३ प्रजातिका गिद्धमध्ये दक्षिण एशियामा नौ प्रजातिका पाइन्छन् । दक्षिण एशियामा पाइने नौ प्रजाति नेपालमा पनि पाइने र ती सबै पोखरा र आसपासका क्षेत्रमा पाइने घिमिरेले जानकारी दिनुभयो । त्यसैले पनि पोखरा र आसपासको क्षेत्र गिद्धको मुख्य बासस्थानका रुपमा रहेको छ । उहाँका अनुसार नेपालमा पाइने गिद्धका प्रजातिमध्ये डङ्गुर, सुन, सानो खैरो, हिमाली, हाडफोर र सेतो गिद्ध यहाँका रैथाने प्रजातिका हुन् भने लामो ठुँडे, राज र खैरो गिद्ध हिउँदको समयमा आउने गर्दछन् । हिउँदको समयमा आउने लामो ठुँडे भारतबाट आउँछ भने खैरो गिद्ध मङ्गोलियाबाट आउँछन् । त्यस्तै राज गिद्ध पाकिस्तान एवं कीर्किस्तानबाट आउने गरेका छन् । नेपालमा पाइने हिमाली गिद्ध १० हजारको सङ्ख्यामा छन् भने डङ्गोर र सेता गिद्धको सङ्ख्या दुई हजार रहेको छ। त्यस्तै नेपालमा सुन गिद्ध र हाडखोर गिद्ध पाँच/पाँच सयको सङ्ख्यामा रहेको जनाइन्छ । नेपालमा पाइने सानो खैरो गिद्धको सङ्ख्या भने ५० देखि ७५ को हाराहारीमा रहेको छ । पछिल्ला वर्षमा बढ्दो बस्ती विकासको क्रमसँगै गिद्धका प्रजाति लोप हुने अवस्थामा पुगेको यस क्षेत्रका अनुसन्धानकर्ता बताउँछन् । गिद्धको बासस्थान विशेष गरी अग्लो सिमलको रुख हो । गिद्ध सिमलका रूखमा बस्ने तथा गुण लगाउने गर्दछन् । पछिल्ला समयमा बस्ती तथा फाँटमा रहेका सिमलका रूख काटिँदा पनि उनीहरू समस्यामा पर्ने गरेको पोखरा पक्षी समाजका सचिव हेमन्त ढकालले जानकारी दिनुभयो । विभिन्न विकास निर्माण, ट्रान्समिसन लाइन आदिका कारण पनि गिद्ध समस्यामा पर्ने गरेको जनाउँदै उहाँले गत वर्ष तनहुँको व्यास नगरपालिका वडा नं ८ मा ल्यान्डफिल साइड नजिकैको ट्रान्समिसन लाइनमा ठोक्किएर करिब ७० वटा हिमाली गिद्ध मरेको पाइएको जानकारी दिनुभयो ।

त्यस्तै गत वर्ष नै घाचोकमा दुई वटा सुन गिद्ध, एक/एक वटा डङ्गोर गिद्ध र हिमाली गिद्ध मरेको उहाँले जानकारी दिनुभयो । पोखराको चाउथे, मझेरीपाटन, बिरुवा, गैरीखेतलगायतका स्थानमा डेढ दशकअघिसम्म ठूलै सङ्ख्यामा गिद्ध पाइने भए पनि अहिले ती ठाउँमा घट्दै गएको अनुसन्धाता बताउँछन् । चाउथेलगायतका फाँटमा बस्ती विकाससँगै सिमलका ठूलाठूला रुख यतिखेर काटिसकेको, बढ्दो बस्ती विकास, धुलोधुवाँलगायतका कारण पनि यिनीहरू सङ्कटमा परेको जनाइएको छ । गणना विभिन्न सात ठाउँबाट गर्न लागिएको अध्यक्ष घिमिरेले जानकारी दिनुभयो। पोखराका घाचोक, पोखराको ल्यान्डफिल साइट, दोभिल्ला, पुम्दीकोट, हेम्जा, सेती नदीको तल्लो भूभाग (दुलेगौंडा सम्म) र दमौलीको ल्यान्डफिल साइटमा एकै समयमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## गण्डकी...

आभार व्यक्त गर्नुभयो । प्रदेश सरकारको परिकल्पनालाई साकार पार्न दक्षिण कोरियाले देखाएको चासो प्रशंसनीय रहेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो । सो अवसरमा कोइकाका देशीय निर्देशक सङ्हुनले पर्यटकीय नगरी पोखरामा कोरिया सरकारले लगानी गर्न इच्छुक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "गण्डकी प्रदेशका युवालाई रोजगारमा आबद्ध गराउन प्राविधिक शिक्षाबाट कसरी सहयोग गर्न सकिन्छ भन्ने हाम्रो मुख्य चासो हो ।" सुरुआती अवस्थामा युरोपेली मुलुकले कोरियामा प्राविधिक सीप सिकाएको र त्यसैको जगबाट अहिलेको अवस्थामा आइपुगेको स्मरण गर्नुभयो । त्यहीअनुसार गण्डकी प्रदेशमा सहयोग गर्न लागिएको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले अगाडि सारेको परियोजनाकोप्रारम्भिकप्रस्तावबाट आफू निकै प्रभावित भएको उहाँले बताउनुभयो । उहाँले संरचना बनाइसकेपछि सरकारले कसरी सञ्चालन गर्छ भन्ने मुख्य चासोका विषय रहेको बताउनुभयो। कोरिया सरकारले लगानी गर्ने परियोजनाको महत्वपूर्ण पक्ष दिगोपना रहेको उहाँको भनाइ थियो । यस वर्षको अन्तिममा कोइकाको मुख्यालयमा यो परियोजनाको प्रस्ताव पठाएपछि प्रारम्भिक अध्ययनका लागि कोरियाबाटै टोली आउने उहाँले जानकारी दिनुभयो। यसका लागि चारदेखि पाँच जनाको विज्ञ टोलीले सबै पक्षसँग भेटेर अध्ययन गर्नेछ । कोरियाको नगद अनुदान मात्रभन्दा पनि प्राविधिक सहयोगमा बढी ध्यान केन्द्रित गर्नेछ । यसले परियोजना बढी प्रभावकारी हुने दाबी उहाँको छ ।

परियोजनाका बारेमा गण्डकी प्रदेश सरकारले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानका कार्यकारी निर्देशक सोमनाथ सापकोटाले विस्तृत जानकारी गराउनुभएको थियो । प्रदेशका लागि आवश्यकपर्ने जनशक्तिको प्रक्षेपणअनुसार तालिम सञ्चालन गर्नका लागि पूर्वाधारमा सरकारले सहयोगको अपेक्षा गरेको उहाँले जानकारी दिनुभयो ।

प्रदेश शिक्षा नीतिले प्रदेशभित्र सञ्चालन हुने सबै खालका प्राविधिक शिक्षा तथा तालिम यसै संस्था मातहत रहनुपर्ने परिकल्पना पनि गरेको छ । कोइकाले पोखराको फोहर व्यवस्थापनका लागि पनि काम गर्दैछ । खासगरी नकुहिने फोहरको व्यवस्थापनका लागि युएनडिपीलगायतका दातृ निकायसँग सहकार्य गरिएको छ । पोखराको सार्वजनिक यातायात व्यवस्थित बनाउनका लागि पनि कोरिया सरकारले विशेष चासो दिएको छ ।

# उद्योगी व्यवसायीको भरोसा: पवनकुमार प्रजापति समूह

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**

घरदैलोको क्रममा रहेको पवन कुमार प्रजापति र उनको समूहले शुक्रबार बीपीचोकदेखि पृथ्वीचोकसम्मका उद्योगी व्यवसायीहरुलाई भेटेको छ ।



बिहानैदेखि प्रचारमा निस्केको यो टोलीले बीपीचोकदेखि न्यूरोड, जाल्पारोड, सृजनाचोक, जिरोकिलोमिटर, सभागृहचोक, पृथ्वीचोक हुँदै नागढुंगासम्मका उद्योगी व्यवसायीहरुलाई भेटेर आफ्नो पक्षमा भोट मागेको हो ।

पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औँ महाधिवेशन भदौको २४ र २५ गते हुँदैछ । संघको नयाँ नेतृत्वको लागि पवन प्रजापतिको समूहले संस्थागत जीवन्तताका लागि व्यवसायिक हितमा अभियन्ता बन्ने नारा सहित चुनावी प्रचारमा गएको छ । 'हामीले संघमा रहेर उद्योगी व्यवसायीको हितमा काम गर्ने हो । व्यवसायी र उद्योगीको समस्यालाई कुनै पनि हालतमा समाधान गर्ने नेतृत्वसहितको हाम्रो समूहलाई मतदाताहरुले छान्नुहुनेछ भन्ने हाम्रो विश्वास छ ।' अध्यक्षका प्रत्यासी रहेका व्यवसायी पवन कुमार प्रजापतिले भने । व्यवसायीहरुले पनि यो समूहबाट अधिक आशा गरिरहेका छन् । अनुभवी र पाका अध्यक्षका उम्मेदवार प्रजापतिको समूहमा पछिल्लो पुस्ताका सुदीप ओझासम्मका उम्मेदवारहरु यो समूहमा छन् । समावेशी र व्यवसायीको हितमा काम गर्न सक्ने समूहको रुपमा यो समूहलाई उद्योगी व्यवसायीहरुले लिएका छन् । त्यसो त यो समूहले पनि विभिन्न १७ बुँदे प्रतिबद्धतापत्रसहित चुनावी मैदानमा होमिएको छ । खासगरि लकडाउनका कारण उद्योगी व्यवसायीहरुमा देखिएको साझा समस्याहरुलाई समाधान गर्ने गरि यो समूहले काम गर्ने कार्ययोजना प्रस्तुत गरेको छ । उद्योगी व्यवसायीहरुलाई प्रत्यक्ष अनुभव हुनेगरि काम गर्ने आफूहरुसँग प्रस्ट कार्ययोजना भएकोले उनीहरुको आश आफ्नो नेतृत्वको समूहमा बढि देखिएको प्रजापतिले बताए ।

यसैबीच महाधिवेशनलाई लक्षित गरेर शुक्रबार पवनकुमार प्रजापति समूहका सबै पदाधिकारी र सदस्यहरुले उम्मेदवारी पत्र बुझेका छन् । शनिबार सँयुक्त रुपमा व्यवसायीहरुको साथमा उम्मेदवारी पत्र उद्योग वाणिज्य संघको कार्यालयमा बुझाउने कार्यक्रम रहेको पवनकुमार प्रजापति समूहको सचिवालयले जानकारी दिएको छ ।

अध्यक्ष प्रत्यासी प्रजापतिको समूहमा वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन् । त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोइराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन् ।

# गण्डकी प्रदेशस्तरीय ह्याण्डबलमा कास्कीको दोहोरो जित

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेशस्तरीय ह्याण्डबल छनोट प्रतियोगितामा कास्कीले दोहोरो जित हासिल गरेको छ ।

पोखरा रङ्गशालाको ह्याण्डबल प्रशिक्षण केन्द्रको कोर्टमा शुक्रबार सम्पन्न भएको फाइनल खेलमा महिला तथा पुरुषतर्फ बागलुङकै महिला तथा पुरुष टोलीमाथि कास्कीले जित हासिल गरेको हो ।

महिलातर्फको ह्याण्डबल खेलमा कास्कीले बागलुङलाई दुई का विरुद्ध १४ गोलको फराकिलो अन्तरले पराजित गरेको हो। यसैगरी पुरुषतर्फ कास्कीले बागलुङकै टोलीलाई ९–२६ को फराकिलो गोल अन्तरले पराजित गरेको हो । विजयी खेलाडीको टोलीलाई एक समारोहबीच ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिएको थियो । केही दिनभित्रमै राष्ट्रिय खेलकुदका लागि प्रदेशको टोली घोषणा गरिने कास्की जिल्ला ह्याण्डबल सङ्घका अध्यक्ष चित्रबहादुर थापाले बताउनुभयो। प्रतियोगितामा पुरुषतर्फ पाँच र महिलातर्फ भने चार जिल्लाको सहभागिता थियो ।

यसैगरी गण्डकी प्रदेशस्तरीय खो खो छनौट प्रतियोगितामा पुरुषतर्फ नवलपुर प्रथम भएको छ । पोखरामा आज भएको फाइनल खेलमा नवलपुरले घरेलु टोली कास्कीलाई तीन अङ्कको अन्तरले पछि पार्दै प्रथम भएको हो। प्रतियोगितामा नवलपुरले १८ अङ्क ल्याउदा कास्कीले भने १५ अङ्क प्राप्त गरेको थियो। प्रतियोगितामा चार जिल्लाको सहभागिता रहेको प्रशिक्षक विशाल गुरुङले बताउनुभयो । नवलपुर प्रतियोगितामा प्रथम भए पनि विभिन्न जिल्लाका गरी १४ जना खेलाडी राष्ट्रिय खेलकुदका लागि छनोट गरिएको छ ।

छनौट हुने खेलाडीहरुमा नवलपुरबाट सागर परियार, मौसम महतो, सुमित श्रेष्ठ, शङ्कर रिजाल, सुनिल थापा मगर, सुरेन्द्र महतो हुनुहुन्छ । गोरखाबाट देवबहादुर गुरुङ र राचेशनी राना रहेका हुनुहुन्छ । कास्कीबाट विवस परियार, रोविन अधिकारी, शिवस टडाल, जोयल तामाङ रहनुभएको छ । वैकल्पिक खेलाडीमा गोरखाबाट स्वस्तिक बस्नेत र नरेश धामी टोलीमा पर्नुभएको छ । टिम व्यवस्थापकमा सुरज पोखरेल हुनुहुन्छ। महिलातर्फ भने कास्की र नवलपुरबीचको खेल बराबरीमा टुङ्गिएको छ । निर्धारित समय ९/९ मिनेटको खेलमा दुबै तर्फ १५/१५ स्कोरले खेल बराबरीमा पुगेपछि २/२ मिनेटको खेल अतिरिक्त समयमा पनि दुवैतर्फ ३/३ स्कोर भएसँगै खेल बराबरीमा सकिएको हो। महिलातर्फ प्रतियोगितामा तीन जिल्लाबाट खेलाडीहरु सहभागी भएको प्रशिक्षक विशालजङ्ग कुँवरले बताउनुभयो । प्रदेशको तर्फबाट छनोट हुनुभएका खेलाडीमा कास्की र नवलपुरबाट छ/छ छनोटमा परेको व्यवस्थापक सुरज पोखरेलले बताउनुभयो । राष्ट्रियमा छनोट हुनुभएका खेलाडीमा कास्कीका सृष्टि पौडेल, सुजना कुँवर, भिमसरा रोका, ममता अधिकारी, सजिता सुनार र अञ्जली भुजेल रहनुभएको छ । यसैगरी नवलपुरका महिमा बस्नेत, चित्रकुमारी सापकोटा, प्रियङ्का महतो, असरा गुरौं, पुनम महतो र रस्मिता श्रेष्ठ टोलीमा पर्नुभएको छ। वैकल्पिक खेलाडीमा कास्कीबाट वियसा सुनार र नवलपुरका सलिना सेढाइँ हुनुहुन्छ ।

यसैगरी राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेशको जिम्न्यास्टिकका खेलाडी छनोट गरिएको छ । पोखरा रङ्गशालामा आज सञ्चालन भएको छनोट प्रतियोगिताबाट प्रदेशको पुरुष तथा महिलाको अन्तिम टोली घोषणा गरिएको हो । छनोट हुन सफल खेलाडीमा पुरुषतर्फ रोशन पुन, विशाल पुन, प्रबल गुरुङ, विजय विश्वकर्मा, सरोज थापा र मियोन गुरुङ हुनुहुन्छ । यसैगरी महिलातर्फ सीताकुमारी खड्का, सुभी भासिम, गीता साउद, कृति खत्री, करुण लामा र दूधकला साउद हुनुहुन्छ । योगेन्द्र गुरुङ, रविन्द्र तजजिया, सोमबहादुर शाही र विजेन्द्र श्रेष्ठ रहनुभएको निर्णायक मण्डलले खेलाडी छनोट गरेको प्रदेश खेलकुद परिषद्का सदस्य केशव पाठकले जानकारी दिनुभयो ।

नवौँ राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेश खेलकुद परिषद्ले भदौ १६ देखि पोखरामा प्रदेशस्तरीय छनोट प्रतियोगिता सञ्चालन गरिरहेको छ । प्रदेशका ११ वटै जिल्लाबाट छनोट भएका खेलाडीका बीचमा प्रतिस्पर्धाका माध्यमबाट राष्ट्रियका लागि प्रदेशको टोली घोषणा गरिने परिषद्ले जनाएको छ ।

# कक्षा १२ को नतिजा सार्वजनिक

**रासस**
**काठमाडौं, १७ भदौ**

राष्ट्रिय परीक्षा बोर्ड सानोथिमिले शुक्रबार कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । शुक्रबार बसेको बैठकले बोर्डको नतिजा सार्वजनिक गरेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो ।

यस वर्ष परीक्षा उत्तीर्ण हुनका लागि प्रयोगात्मक परीक्षामा ४० र सैद्धान्तिक परीक्षामा ३५ प्रतिशत ल्याउनै पर्ने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । त्योभन्दा कम अङ्क ल्याएको खण्डमा पुनःपरीक्षा दिनुपर्ने बोर्डले जनाएको छ । उहाँका अनुसार नियमिततर्फ तीन लाख ६३ हजार आठ, ग्रेड वृद्धितर्फ ३० हजार ४५ र आंशिकतर्फ तीन हजार १३२ गरी कूल तीन लाख ९६ हजार १८५ विद्यार्थीले परीक्षामा सहभागिता जनाएका थिए। तीमध्ये नतिजामा चार हजार १७९ जनाले तीन दशमलव ६१ देखि चार जिपिए, ३० हजार १०७ जनाले तीन दशमलव २१ देखि तीन दशमलव ६० जिपिए, ६५ हजार २८४ जनाले दुई दशमलव ८१ देखि तीन दशमलव २० जिपिए, ६४ हजार ९३ जनाले दुई दशमलव ४१ देखि दुई दशमलव ८० जिपिए, १० हजार ९०० जनाले दुई दशमलव ०१ देखि दुई दशमलव ४० जिपिए र ३५ जनाले एक दशमलव ६१ देखि दुई जिपिए ल्याएका छन् ।

बोर्डका उपाध्यक्ष डा शर्माले भन्नुभयो, "यसवर्ष एक लाख ८८ हजार विद्यार्थी नन ग्रेडिङमा परेका छन् । त्यसमध्येमा एक लाख ३० हजार ८७८ जनाले मात्रै ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउँछन् ।" दुई विषयमा निर्धारित प्रतिशतभन्दा कम ल्याउने विद्यार्थीले पुनःग्रेड वृद्धि परीक्षा सहभागि हुन पाउँछन् । बोर्डले देशभरका एक हजार २९२ परीक्षा केन्द्रमा परीक्षा केन्द्रमा गत जेठ १६ देखि २५ गतेसम्म परीक्षा सञ्चालन गरेको थियो ।


**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग**: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## पोखरामा...

बिहान ८ बजेदेखि ११ बजेसम्म गणना गर्न लागिएको उहाँले जानकारी दिनुभयो । सिनो खाएर हैजा, रेबिजजस्ता रोग फैलन नदिन महत्वपूर्ण भूमिका निर्वाह गर्ने गिद्ध प्रकृतिको कुचिकार भएका कारण यसको संरक्षणमा जागरुकता आवश्यक रहेको उहाँको भनाइ छ । अघिल्लो वर्षको पोखरामा गरिएको गणनामा २२३ सेतो गिद्ध, ९१ डङ्गोर गिद्ध, २८ सुन गिद्ध, १३ सानो खैरे गिद्ध, नौ वटा हिमालयन गिद्ध र एक वटा राज गिद्ध पाइएको अध्यक्ष घिमिरेले जानकारी दिनुभयो । गिद्ध संरक्षणको उद्देश्यका साथ शुद्ध आहाराका लागि पोखराको घाचोकमा केही वर्षयता जटायु रेस्टुरेन्ट सञ्चालनमा आए पनि त्यसको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



*स्पार्क बि एण्ड डि हस्पिटल १८ वर्ष पुगेको अवसरमा*
काठमाडौंबाट आउनुभएका अनुभवी विज्ञ डाक्टरहरू समेतबाट परीक्षण

**बृहत नि:शुल्क स्वास्थ्य शिविर**

हाड जोर्नी, नशा, प्यारालाइसिस, हड्डी खिइएको ढाडमा नशा च्यापिएको तथा बाथरोग सम्बन्धी परीक्षण तथा उपचार

**परीक्षण तथा उपचार गरिने रोगहरू**

परीक्षण गर्ने समय:
*२०७९ भाद्र १८ गते शनिबार बिहान ८ बजेबाट ३ बजेसम्म ।*

- उमेर, काम तथा मोटोपनका कारण ढाडमा नशा च्यापिएको, ढाड दुख्ने, खुट्टा दुख्ने।
- प्रेसरले हानेर प्यारालाइसिस भएका, शरीरको एक हर नचल्ने भएका।
- उमेरका कारणले घुँडाको हड्डी खिइएका, बाथरोग भएका बिरामीहरुको नि:शुल्क परीक्षण तथा उपचार गरिने भएकोले तुरुन्त सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**नि:शुल्क सुगर तथा युरिक एसिड परीक्षण**
**नि:शुल्क औषधी वितरण**

पुनश्च: फोनबाट पनि नाम दर्ता गर्न सकिने छ।

सम्पर्क :
**स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.**
सभागृहचोक, न्यूरोड, पोखरा, फोन नं. ०६१-५७१४०८, ९८६६४१५३८०, ९८५६०२६७५०
सभागृहचोक मिडटाउनबाट पछाडि एनआइसी बैंक तथा जिसी बिजुली पसल भएको भवनबाट २०० मिटर भित्र



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# कांग्रेसद्वारा तनहुँ-२ मा सहमतिमा उम्मेदवार सिफारिस

**पोखरापत्र संवाददाता**
**दमौली, १७ भदौ**

नेपाली कांग्रेस तनहुँ क्षेत्र नम्बर २ प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले आगामी मङ्सिर ४ गते हुने निर्वाचनका लागि सहमतिमा उम्मेदवार सिफारिस गरेको छ । क्षेत्रीय कार्यसमितिले बिहीबार सहमतिमा उम्मेदवारको नाम टुङ्गो लगाई जिल्ला कार्यसमितिलाई सिफारिस गरेको हो ।

नेपाली कांग्रेस केन्द्रीय समितिको परिपत्र र विधानले दिएको अधिकारमा रहेर बसेको क्षेत्रीय कार्यसमिति, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि र प्रदेश प्रतिनिधिको संयुक्त बैठकले प्रतिनिधिसभा प्रत्यक्षतर्फ तीन र समानुपातिकतर्फ एक पुरुष तथा एक महिलाको नाम सिफारिस गरिएको क्षेत्रीय सभापति चूडामणि खनालले जानकारी दिनुभयो ।

प्रतिनिधिसभा सदस्यका लागि केन्द्रीय सदस्य प्रदीप पौडेल, ध्रुव वाग्ले र जिल्ला सभापति जितप्रकाश आले सिफारिस हुनुभएको छ । समानुपातिकतर्फ पुरुषतर्फ क्षेत्रीय सचिव सन्तोष घिमिरे र महिलातर्फ नेपाल महिला सङ्घ जिल्ला उपसभापति चन्द्रकला भट्टराई सिफारिस हुनुभएको छ।

सम्भावित उम्मेदवारको नामावली सर्वसम्मत र पार्टीको वर्तमान मर्यादाक्रमअनुसार पठाइएको तथा पार्टीले यी नामभित्रबाट गर्ने निर्णयमा क्षेत्रीय समिति सहमत रहने निर्णय भएको खनालले बताउनुभयो ।

यसैगरी तनहुँ क्षेत्र नम्बर २ प्रदेश (क) प्रदेश समितिले पनि उम्मेदवार सिफारिस गरेको छ । प्रदेशतर्फ प्रत्यक्ष र समानुपातिकमा आवेदन दर्ता गराएका उम्मेदवार सिफारिस गरी पठाइएको हो । प्रत्यक्षतर्फ प्रा डा कृष्णप्रसाद गौतम, किसान गुरुङ, श्रीराम सुवेदी, हरिप्रसाद वाग्ले, चामबहादुर थापा, माधव भट्टराई, डा शेषरमण न्यौपाने र यामबहादुर खाँण ठकुरी सिफारिस हुनुभएको छ । समानुपातिकतर्फ खुलामा डिल्लीराम अधिकारी, रामबहादुर अधिकारी, सूर्यभक्त भण्डारी, श्यामबहादुर केसी, विष्णुहरि पाठक, जनजातितर्फ भक्तबहादुर श्रेष्ठ, भीमबहादुर थापा, जितराज राना, गोपीबहादुर गुरुङ, निरबहादुर पुन, श्यामकृष्ण मल्ल, हीराबहादुर थापा र चन्द्रबहादुर गुरुङ तथा महिलातर्फ लक्ष्मी सिग्देल, पवित्रा घिमिरे, विष्णु मल्ल, रसामाया गुरुङ, तारादेवी लम्साल अधिकारी र राधादेवी पौडेल सिफारिस हुनुभएको छ । दलिततर्फ रामकृष्ण विक र विनबहादुर परियार, अल्पसङ्ख्यकतर्फ रोजिना खातुन सिफारिस हुनुभएको छ ।

# पोखरेल प्यानललाई मत मार्दै मतदाता, संघलाई 'साझा घर' बनाउने अभियानमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**

पोखरा २ का सुरजप्रकाश प्रधानाङ्ग पोखरा उद्योग वाणिज्य संघको आगामी चुनावका लागि अर्जुन पोखरेल प्यानललाई मत माग्न व्यस्त छन् । व्यवसायीलाई भेट्ने र उम्मेद्वारले भैं उनले प्यानलको पक्षमा मत माग्दा स्थानीयहरु उनैलाई उम्मेद्वार ठान्छन् । उनी उम्मेद्वार होइनन्, तर प्यानललाई जिताउन कम्मर कसेर लागेका छन् । संघमा सक्षम र युवा नेतृत्व आउनुपर्ने भन्दै उनले त्यस्ता उम्मेद्वार अर्जुन प्यानलमा भएकोले समर्थन गरेको बताए । 'संघलाई हाँक्न अब युवा चाहिन्छ । युवाले मात्रै संघको पूरानो विरासत जोगाउछन्,' उनी भन्छन्, 'यो चुनावमा व्यवसायीले रोज्नुपर्ने टीम अर्जुन प्यानल हो ।' बागलुङ बसपार्कमा जयालक्ष्मी सेनिटरी सञ्चालन गर्दै आएका उनले सँधै विहान अर्जुन प्यानलको पक्षमा मत माग्छन् ।

अध्यक्षका उम्मेद्वार अर्जुन पोखरेल धेरै वर्ष उद्योग वाणिज्य संघमा रहेर आफ्नो जिम्मामा परेको काम विना विवाद सफल बनाएकोले उनैलाई नेतृत्वमा पुऱ्याउनुपर्ने प्रधानाङ्गको भनाई छ । चुनावी घरदैलोका लागि साँघुमुख पुगेको अर्जुन पोखरेलको टिमलाई शुभचिन्तक र मतदाताहरुले बाटोमै भेटेर जितको शुभकामना दिएका थिए । चिप्लेढुंगाका व्यवसायी नारायण पराजुली संघलाई हाँक्न सक्ने भरोसायोग्य उम्मेद्वार अर्जुन प्यानलमा भएको भन्दै मतदानका लागि मतदातासँग आग्रह गर्छन् । 'संघको भविष्य अर्जुन प्यानलको काँधमा राम्रो देखेको छु । उनीहरुले चुनाव जित्दा आम व्यवसायीले सम्मानित महसुश गर्छन्,' उनले भने । आगामी २ वर्षको कार्यकालका लागि भदौ



२५ गते मतदान हुँदैछ । त्यसका लागि अर्जुन पोखरेलले आफ्नो छुट्टै प्यानल बनाएर घरदैलामा व्यस्त छन् । उनीहरु मतदाताका समस्या सुन्ने र आफ्ना योजना सुनाउँदै मत मागिरहेका छन् । शुक्रबार विन्ध्यवासिनी, अर्चलबोट, बागलुङ बसपार्क, पर्स्याङ, मालेपाटन, जिरोकिलोमिटर, सिर्जनाचोक लगायत ठाउँमा घरदैलो भएको थियो । अध्यक्ष पोखरेलले व्यवसायीका यावत समस्या समाधानका लागि आफ्नो टीमले काम गर्ने प्रतिबद्धता जनाए । 'बैंकको समस्या छ। कतिपय ठाउँमा व्यवसायीहरुले सजिलोसँग व्यवसाय गर्न पाएका छैनन्,' उनले भने, 'कोरोनाले धेरै व्यवसायीलाई विस्थापित बनायो। दुख परेको बेला संघलाई अभिभावक बनाउने र साथ दिने गरी मेरो टीमले काम गर्छ ।' पोखरेल प्यानल ८ बुँदे घोषणापत्र सहित चुनावी मैदानमा छ। पोखरा उद्योग वाणिज्य संघलाई आम पोखरेलीको साझा घरको रुपमा विकास गर्ने उनको संकल्प छ । 'पोखरालाई आधुनिक र व्यवस्थित शहर बनाउने नेतृत्व उद्योग वाणिज्य संघले नै लिएको थियो । अहिले संघ समुदायबाट टाढा भैरहेको छ,' पोखरेल भन्छन्, 'हिजो अग्रजहरुले गरेको योगदानलाई संरक्षण गर्दै आगामी कार्यकालमा संघप्रति अझै आकर्षण बढाउने गरी काम गर्छौं । संघलाई सबै पोखरेलीको 'साझा घर' को रुपमा विकास गर्ने प्रण गर्दछौं ।' पोखरेल प्यानलले उद्योग वाणिज्य संघको भवनलाई पुनः निर्माण गरी बहुतले व्यवसायिक भवनका रुपमा विकास गर्ने बताए । संघको आम्दानी बढाउने र उद्योगी व्यवसायीहरुको उत्पादन विक्री कक्ष निर्माण गर्ने टीमको प्रतिबद्धता छ । अहिले भैरहेको भवनलाई बहुतले बनाएर २ वटा पार्किङ, ३ वटा ब्यापारिक कम्प्लेक्स र संघको व्यवस्थित कार्यालय बनाइने प्यानलले जनाएको छ ।

अर्जुन प्यानलको वरिष्ठ उपाध्यक्षमा हरिहर सापकोटा, उद्योग उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्य उपाध्यक्षमा कुमारी मुना बास्तोला, महासचिवमा केशव बहादुर खत्री, कोषाध्यक्षमा हरिराज पन्त र उपमहासचिवमा हर्क बहादुर अधिकारी (मिरज) उम्मेद्वार छन् । यस्तै, सदस्यहरुमा भरत केसी, कृष्ण प्रसाद कोइराला, धर्मेन्द्र कुमार बाटाजु, माधव बस्ताकोटी, उदय बहादुर केसी (लाहुरे दाइ), दिलिप कुमार श्रेष्ठ, दुर्गा रन्जित श्रेष्ठ र हिमनिधि लौडारीले उम्मेद्वारी घोषणा गरेर चुनावी अभियानमा लागेका छन्। पोखरा उद्योग वाणिज्य संघ पोखरा क्षेत्रकै सबैभन्दा पूरानो सामाजिक संस्था हो । भदौ २४ र २५ गते आगामी नेतृत्वका लागि महाधिवेसन हुँदै छ । त्यसका लागि शुक्रबार उम्मेद्वारले मनोनयन पत्र बुझिसकेका छन् । शनिबार मनोनयन दर्ता गर्ने कार्यक्रम छ ।

# बागलुङमा बर्सेनि देखिँदै छ डेङ्गु

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ भदौ**

तीन वर्षदेखि लगातार बागलुङमा डेङ्गुका बिरामी भेटिन थालेका छन् । विगत दुई वर्षदेखि दक्षिण बागलुङको जैमिनी र बागलुङकै बलेवा क्षेत्रमा बिरामी देखिएकामा यो वर्ष भने बागलुङको अन्य स्थानमा पनि भेटिएको हो ।

लामखुट्टेको टोकाइबाट सर्ने यो रोगको सङ्क्रमण भएमा बिरामीको मृत्युसमेत हुने जोखिम हुन्छ । धवलागिरि अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा शैलेन्द्र पोखरेलका अनुसार अस्पतालमा उपचार गर्न आएका बिरामीमा पनि छिटफुट रुपमा डेङ्गुको सङ्क्रमण पुष्टि भइरहेको छ ।

उच्च ज्वरो, रुघाखोकीसमेतका लक्षण देखिएपछि उपचारका लागि आएकालाई डेङ्गु परीक्षण गर्दा पुष्टि भएको उहाँले बताउनुभयो । दुई वर्षअघि चार, गत वर्ष तीन जना बिरामीमा डेङ्गु देखिएपछि धवलागिरि अस्पतालमै उपचार गरिएको थियो । यो वर्ष पनि लक्षणसहितका बिरामी धेरै देखिएको पोखरेलले बताउनुभयो। लामखुट्टेकोटोकाइबाटसर्नेभएकालेआम नागरिकलाई सचेत रहन स्वास्थ्य कार्यालय बागलुङले पनि सबैलाई आग्रह गरेको छ । डेङ्गुविरुद्ध स्वास्थ्य कार्यालयले दशवटै पालिकाका सबै स्वास्थ्यचौकीका प्रमुख र अन्य स्वास्थ्यकर्मीलाई तालिमसमेत दिएको थियो । रगत जाँचपछि मात्र डेङ्गु पत्ता लगाउन सकिने भएकाले पालिका तहमा पनि आवश्यक किट पठाइएको जनस्वास्थ्य निरीक्षक देवप्रकाश घिमिरेले बताउनुभयो । एक बिरामीबाट अर्कोमा सजिलै सर्ने भएकाले सतर्कता अपनाउन सचेतना कार्यक्रम सञ्चालन गर्ने, बिरामी आएमा उपचारको व्यवस्था मिलाउने र लामखुट्टे बस्ने पानीका स्रोत हटाउने तयारी सुरु भइसकेको उहाँले जानकारी दिनुभयो। "धेरै ज्वरो आउने, शरीर र टाउको दुख्ने डेङ्गुको लक्षण हुन्", डा पोखरेलले भन्नुभयो, "सतर्कता अपनाउन सकिएन भने कोरोना भाइरसभन्दा यो खतरा हुनसक्छ ।" बिरामी बढी सिरियस हुने भएकाले लामखुट्टेबाट बच्नकै लागि बढी सचेत बन्नुपर्ने उहाँले सुझाव दिनुभयो । गाडी बनाउने ग्यारेज, पानी जम्ने पोखरीलगायत सफा राख्न र घर-घरमा पनि खुला ड्रममा पानी नराख्न आग्रह गरिएको बागलुङ नगर स्वास्थ्य कार्यालय प्रमुख रामप्रसाद खनालले बताउनुभयो । खनालका अनुसार सफा पानीमा लामखुट्टेले फुल पार्ने र डेङ्गु लामखुट्टेकै टोकाइबाट सर्छ । "एकपटक सङ्क्रमण भएपछि दोहोरिने दर बढी भएकाले पहिल्यै सचेत बन्नुपर्छ", उहाँले भन्नुभयो । वर्षातको बेला देखिने अन्य धेरै प्रकारका रोगको पनि सङ्क्रमण बढेको छ । अस्पतालमा दैनिक चार सयदेखि पाँच सय जनासम्म बिरामी उपचार र स्वास्थ्य परीक्षण गर्न आउन थालेका छन् । अस्पतालको भीडले पनि वर्षात् जन्य रोग बढेको देखिएको डा पोखरेलले बताउनुभयो ।

# आस्थालाई एकता सहकारी पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**

एकता बचत तथा ऋण सहकारी संस्था द्वारा एबीसी कर्मी एमबी आस्था मगर सम्मानित तएका छन । संस्थाको एघारौं साधारण सभा तथा पाँचौ अधिवेशनको अवसरमा पोखरामा रही एबीसी टेलिभिजनका गण्डकी ब्यूरो प्रमुख एमबी आस्था मगरलाई एकता पत्रकारिता पुरस्कारबाट सम्मान गरेको हो ।

कार्यक्रममा गण्डकी प्रदेश सभाका उपसभामुख सिर्जना शर्मा, सहकारीका अध्यक्ष बालासिंह काउछा मगर, रुपा गाउपालिकाका अध्यक्ष नवराज शर्मा लगायतले अबिर, खादा, सम्मानपत्र र नगद सहित सम्मान गरेका थिए। पत्रकार एमबी आस्था सँगै सहकारीले कलाकारिता पुरस्कारबाट सरिता सारु मगर, जनप्रतिनिधि सम्मान अन्तर्गत रुपा गाउँपालिका प्रमुख नवराज ओझा, पोखरा महानगरपालिकाको कार्यपालिका सदस्य भिम कुमारी पुन गर्बुजा र पोखरा महानगरपालिका वाड प्रतिनिधि कृष्णहरि काफ्लेलाई सम्मान गरेको थियो । त्यसैगरी एकता सहकारीले आफ्ना जेष्ठ नागरिक शेयर सदस्यमा महिला तर्फ बालमाया श्रेष्ठ, पुरुष तर्फ कुलप्रसाद अधिकारि, उत्कृष्ट कारोबार कर्तामा महिला तर्फ धनमाया राना, पुरुष तर्फ छम बहादुर खत्री, उत्कृष्ट बचतकर्ता उत्कृष्ट ५ भित्र राजिब शर्मा, बिस्णु के सि अधिकारी, नारायणी अधिकारी सुबेदि, आस्था पौडेल र बुद्ध कुमारी खाड्कालाई सम्मान गर्यो। त्यस्तै उत्कृष्ट कर्मचारीहरुमा कर्जा बिभाग प्रमुख शर्मिला के सि, काउण्टर बिभाग प्रमुख अमृता रेगामि र बजार प्रतिनिधि यसोदा श्रेष्ठ थापा मगरलाई सम्मान गरेको थियो।

एकता बचत तथा ऋण सहकारी संस्थाको एघारौं बार्षिक साधारण सभा तथा पाँचौं अधिबेशनबाट सुदर्शन पौडेलको अध्यक्षता ९ सदस्यीय संचालक समिति र लेखा समिति निर्बिरोध निर्वाचित गरेको छ । निर्वाचित समितिमा अध्यक्षमा सुदर्शन पौडेल, उपाध्यक्षमा तिलकप्रसाद तिवारी, सचिव राम बहादुर मगर, कोषाध्यक्ष खुम थापा मगर रहेका छनभनेसदस्यहरुमा ज्योति तामाङ, बिस्णु के सि अधिकारी , शक्ति बराल, बालुमाया पुन र प्रकाश के सि रहेका छन । त्यस्तैगरी लेखा समिति संयोजकमा बिश्वनाथ ओझा र सदस्यहरुमा देब कुमारी गुरुङ र प्रकाश पुन रहेका छन । साधारण सभाको उद्घाटन गर्दै गण्डकी प्रदेशका उप सभामुख सिर्जना शर्माले सहकारीको माध्यामबाट सवैलाई जोड्ने काम भएकाले यसमा रहेका सम्पूर्ण शेयर सदस्यहरुले उत्पादनमुखी काममा सहकारीलाई जोड् नुपर्ने वताइन । त्यसैगरी रुपा गाउपालिकाका अध्यक्ष नवराज ओभाले सहकारीहरु अब शहरमुखी नभइ गाउमुखी हुनुपर्ने वताउदै आफ् नो पालिकामा कुनैपनि सहकारीले कृषि लगायतका उत्पादनमुखी क्षेत्रमा लगानी गर्न चाहेमा आफुले जग्गा उपलब्ध गराउने वताए ।

संस्थाका अध्यक्ष बालासिंङ काउछा मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शेयर सदस्य तर्फबाट शान्ता देबकोटा, सल्लाहकार मध्येबाट बजिरमान श्रेष्ठ लगायतले वोलेका थिए । संस्थाका उपाध्यक्ष नवराज सुबेदिले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन संस्थाका सहसचिव तिलक प्रसाद तिवारीले गरेका थिए ।

# नेपालद्वारा केन्या पराजित

**रासस**
**काठमाडौं, १७ भदौ**

नेपालले घरेलु टोली केन्यालाई पहिलो एकदिवसीय खेलमा सात विकेटले पराजित गरेको छ।

केन्याको नैरोवीस्थित जिमखाना क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा केन्याले दिएको २१९ रनको लक्ष्य नेपालले ४७ दशमलव २ ओभरमा ३ विकेट गुमाएर पूरा गर्यो । नेपालको जितमा आसिफ शेखले सर्वाधिक ११० रनको योगदान दिए । उनले १२० बलमा १२ चौका र २ छक्काको मद्दतमा ११०रन बनाए ।

यसैगरी अर्जुन साउदले ६१ रनको अर्धशतकीय इनिङ खेले भने ज्ञानेन्द्र मल्लले २४ रन बनाए । दीपेन्द्र सिंह ऐरीले अविजित १५ रन बनाउँदा रोहित पौडेलले अविजित ३ रन बनाए । केन्याका भिम्सिल पटेल, रकिप पटेल र कोलिन्स ओबुयाले समान १/१ विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको केन्याले ४८ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै २१८ रन बनाएको थियो ।

केन्याका लागि रकिप पटेल र कोलिन्स ओबुया अर्धशतकीय इनिङ खेले । पटेलले ६७ रनको योगदान दिए भने ओबुयाले ६२ रन बनाए । ईफ्रान करिमले ३० तथा सचिन बुदियाले २६ रन बनाए । नेपालका लागि सोमपाल कामी र करण केसीले समान ३/३ विकेट लिए भने आदिल आलम र पवन सर्राफले समान १/१ विकेट लिए । यस जितसँगै नेपालले तीन खेलको सिरिजमा १-० को अग्रता बनाएको छ । अब नेपालले भोलि केन्यासँग दोस्रो खेल खेल्नेछ । नेपालले यसअघि केन्याविरुद्धको पाँच खेलको टी-२० अन्तर्राष्ट्रिय सिरिज ३-२ ले जितेको थियो ।

# कालीगण्डकी करिडोरको बागलुङ खण्ड कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
**गलकोट, १७ भदौ**

चालु आर्थिक वर्ष २०७९/८० मा कालोपत्र सुरु गर्ने गरी कालीगण्डकी करिडोरको बागलुङ खण्ड ठेक्का प्रक्रियामा गएको छ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको गुल्मीको हर्मिचौरबाट बागलुङको मालढुङ्गासम्मको ५५ किलोमिटर सडक कालोपत्र गर्न ठेक्का आह्वान गरिएको हो ।

कालीगण्डकी करिडोर (गैँडाकोट-राम्दी-मालढुङ्गा) कार्यालय, पाल्पाका अनुसार चालु आवमै कालोपत्र गर्ने गरी हर्मीचौरबाट बलेवा विमानस्थल र वलेवा विमानस्थलबाट मालढुङ्गाको दुई खण्डमा विभाजन गरेर ठेक्का आह्वान गरिएको छ । कालीगण्डकी करिडोर (गैँडाकोट-राम्दी-मालढुङ्गा) कार्यालय पाल्पाका कार्यालय प्रमुख कल्पना अधिकारीका अनुसार चालु आवमै सडक कालोपत्रका लागि पूर्वाधारको काम थाल्ने जानकारी दिनुभयो । "गत फागुनमा अर्थ मन्त्रालयले बजेट सुनिश्चितता गरेसँगै अहिले करिडोरको हर्मिचौरबाट मालढुङ्गासम्मको सडकखण्ड कालोपत्रका लागि ठेक्का गरिएको हो ।" उहाँले भन्नुभयो, "नेपाली सेनाले ट्याकसँगै आठ मिटर चौडा पारेर सडक विभागलाई हस्तान्तरण गरेको थियो, कुन स्थानमा अहिले समस्या छ, त्यहाँ सडक चौडा पार्ने, पर्खाल लगाउने र नाली निर्माणसहित सडक कालोपत्रका लागि बजेट विनियोजन भएर ठेक्कामा गएको हो, चालु आवमै छनोट भएको निर्माण कम्पनीले सडकको पूर्वाधार निर्माण थाल्ने छ ।" गुल्मीको हर्मिचौरबाट बागलुङको पालुङखोला-टाकुरी हुँदै मालढुङ्गासम्मको सडक कालोपत्रका लागि बहुवर्षीय ठेक्का खोलिएको हो । करिडोरअन्तर्गतको मालढुङ्गाबाट बलेवा विमानस्थलसम्मको १० किमी सडक १० मिटर चौडा बनाइ सडक विभागलाई २०७६ पुस १ गते हस्तान्तरण गरेको थियो । सडक विभागलाई हस्तान्तरण गरेको साढे दुई वर्षपछि उक्त सडक कालोपत्रको तयारी गरिँदै छ । यस्तै बलेवा विमानस्थलबाट टाकुरी-पालुङखोला-हर्मीचौरसम्मको सडक २०७८ असारमा करिडोर निर्माणको जिम्मा पाएको नेपाली सेनाले सडक विभागलाई हस्तान्तरण गरेको छ । अर्थ मन्त्रालयले बजेट निकासा गरेको छ महिनापछि ठेक्का खोलिएको हो । भारत र चीनसँग जोडेर त्रिदेशीय सम्पर्कका रूपमा स्थापित हुने सो करिडोरको काम अगाडि बढ्ने अपेक्षा गरिएको छ । त्रिदेशीय सडकका रूपमा रहेको कालीगण्डकी करिडोरले छिमेकी भारत र चीनलाई जोडेको छ। मालढुङ्गाबाट गुल्मी रिडीसम्मको खण्डमा सेनाले २०७० सालदेखि काम गरेर सडक हस्तान्तरण गरेको छ। विसं २०७० असारमा शिलान्यास गरेपछि सेनाले ८० किमी ट्याक खोलेको थियो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# संविधानसभा सदस्य आलेसहित कार्यकर्ताको कारबाही फुकुवा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ भदौ**

नेपाली कांग्रेस तनहुँले संविधानसभा सदस्य भुलबहादुर आलेसहितका नेता तथा कार्यकर्ताको कारबाही फुकुवा गर्ने निर्णय गरेको छ ।

गत स्थानीय तह निर्वाचनमा कांग्रेसका बागी उम्मेदवारलाई सहयोग गरेको अभियोगमा निलम्बनमा पर्नुभएका संविधानसभा सदस्य आलेसहितका नेता कार्यकर्ताको कारबाही फुकुवा गर्ने निर्णय गरिएको हो ।

कांग्रेस तनहुँका सभापति जितप्रकाश आलेको सभापतित्वमा बसेको कार्यसम्पादन समितिको बैठकले निलम्बित एवं राजीनामा दिएका ऋषिङ गाउँपालिकाअन्तर्गतका नेता कार्यकर्ताको सबै कारबाही फुकुवा गर्ने निर्णय भएको प्रवक्ता हरि वाग्लेले जानकारी दिनुभयो ।

सो गाउँपालिकाअन्तर्गत गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षलगायतका उम्मेदवारीका विषयमा असन्तुष्टि जनाउँदै आलेसहित केही नेता तथा कार्यकर्ताले राजीनामा दिनुभएको थियो ।

# हरेक तीजले सम्झाउँछ रुपा हत्याकाण्ड

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ भदौ**

प्रत्येक तीजमा झस्काउने बागलुङको एउटा विभत्स हत्या तीजपछि सेलाउछ ।

तीज मनाएर फर्किएकी चेलीको दिउँसै मुख्य सडकमा हत्या भएको आठ वर्ष पूरा भएको छ । हत्यारा पत्ता नलाग्दा प्रत्येक तीजमा बागलुङका बासिन्दालाई रुपा गौतम हत्याकाण्डले झस्काइरहन्छ । हत्याका विषयमा तीजका समयमा कुरा उठ्ने गरे पनि तीजसँगै हत्याकाण्ड बिर्सदै गएको छ ।

हरितालिका तीजको अघिल्लो दिन माइत गएर फर्कने क्रममा रुपाको दिउँसै सडकमा आठ वर्षअघि हत्या गरिएको थियो । काठेखोला गाउँपालिका- ६ दोबिल्लाकी ३६ वर्षीया रुपाको हत्या भएको यो तीजसँगै आठ वर्ष पूरा भएको छ । दिउँसै सदरमुकाम नजिकको बीच सडकमा हत्या गर्ने हत्यारा पत्ता नलाग्दा बागलुङका चेलीबेटीलाई तीजमा माइत जाँदा झस्काउनेसमेत गरेको छ ।

तीन वर्षअघि जिल्ला प्रहरी कार्यालयले अनुसन्धानबाट हत्याराको नजिकै पुगेको दाबीसमेत गर्न भ्याएको थियो । अहिलेसम्म हत्यारा पत्ता नलाग्दा प्रहरीलाई नागरिकस्तरबाट हत्यारा कहिले पत्ता लाग्छ भनेर प्रश्न उठ्न छाडेको छैन । जिल्ला प्रहरी कार्यालयमा सरुवा भएर आएका हरेक प्रहरी प्रमुखले हत्यारा पत्ता लगाउन प्रयास गरिरहेको बताउने गरे पनि आठ वर्ष बित्दासमेत हत्यारा पत्ता लाग्न सकेको छैन ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरीक्षक दयानिधि ज्ञवालीले आफू जिल्लामा आइसकेपछि रुपा हत्याका विषयमा सुक्ष्म अध्ययन तथा अनुसन्धान गरिरहेको बताउनुभयो । "रुपा जस्तै कर्तव्य ज्यानसँग जोडिएको तीन वटा विषयमा अनुसन्धान सफल भइसकेको छ, अहिले पुराना मुद्दालाई फछ्र्योट गर्नेक्रम जारी छ, प्रहरी नायब उपरीक्षकको संयोजनमा अध्ययन गर्न लगाएको छु", प्रहरी उपरीक्षक ज्ञवालीले भन्नुभयो, "अनुसन्धान जारी नै छ हत्यारा पत्ता नलाग्दासम्म यहाँ पुग्यौं, त्यहाँ पुग्यो भन्न सकिन्न, म यहाँ रहँदासम्म निस्कर्षमा पुगिन्छ भन्नेमा आशावादी छु ।"

हत्याको मिसिलमै केही जटिलता देखिएकाले हत्यारा पत्ता लाग्न लामो समय लागेको उहाँको भनाइ छ । रुपाको २०७१ भदौ १२ गते तीजको दरखाने दिन माइतबाट घर फर्किने क्रममा बानपा-३ बोक्से खाल्डोस्थित मध्यपहाडी लोकमार्गमा दिउँसै घाँटीमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको थियो । हत्याको प्रभावकारी अनुसन्धान र कारबाहीका लागि महिला अधिकारकर्मी, नागरिक अगुवाले लामो समयदेखि आवाज उठाउँदै आए पनि पछिल्लो समय घटना क्रमशः बिर्सदै गएको छ । आठ वर्षअघि दिनदाहाडै एउटा महिलाको विभत्स हत्या भएको घटनाको अहिलेसम्म हत्यारा पत्ता नलाग्नु भनेको लज्जाको विषय भएको महिला अधिकारकर्मी शावित्रा खड्काले बताउनुभयो ।

"हत्या जे जसरी गर्यो दोषीलाई तत्कालै पत्ता लगाउन सकिन्थ्यो, दिउँसै गरेको हत्याको दोषी त्यतिबेला उम्कन आउने अवस्था कसरी सिर्जना भयो भन्ने नै हो, प्रहरी प्रमुखले सुरुको अनुसन्धानलाई दोषी देखाउँदै आएको पाइएको छ", अधिकारकर्मी खड्काले भन्नुभयो, "ढिलै भए पनि पीडितले न्याय पाउनुपर्दछ, अनुसन्धान जारी राख्न आवश्यक छ तर पछिल्लो समय तीज सकिएसँगै हत्याकाण्ड सेलाउने र पुनःअर्को तीजमा हत्याको विषय उठ्नु दुखद् हो ।" तीजको समयमा नारी माइत जानसमेत सोच्नुपर्ने अवस्थाको हत्याकाण्ड बाहिर नआएसम्म अन्त्य नहुने खड्काको भनाइ छ ।

# नेकपा एस बागलुङद्वारा उम्मेदवारको नाम सिफारिस

**पोखरापत्र संवाददाता**
**बागलुङ, १७ भदौ**

आगामी प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनका लागि बागलुङमा नेकपा (एकीकृत समाजवादी)ले उम्मेदवाको नाम सिफारिस गरिएको छ ।

क्षेत्र नम्बर १बाट प्रतिनिधिसभा सदस्यका लागि स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेश अध्यक्ष रामजीप्रसाद शर्मा र केन्द्रीय सदस्य श्रीप्रसाद शर्माको नाम सिफारिस गरिएको छ ।

यस्तै क्षेत्र नम्बर १ प्रदेश (क) बाट लालबहादुर थापा र भरत पुरीलाई सिफारिस गरिएको छ । गठबन्धन भएको खण्डमा सङ्घ र प्रदेश सांसदमा सिफारिस गरेकामध्येबाटै मिलाउने गरी क्षेत्र नम्बर १ प्रदेश (ख)बाट अन्यको नाम सिफारिस नगरिएको पार्टीका जिल्लास्तरीय प्रचार विभाग प्रमुख शालिकराम शर्माले जानकारी दिनुभयो ।

यस्तै बागलुङक्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यका कालगि पूर्वसंसद् तथा पार्टीका केन्द्रीय सदस्य शान्ति अधिकारीको नाम सर्वसम्मत सिफारिस गरिएको छ ।

क्षेत्र नम्बर २ कै प्रदेशसभा (क)बाट सदस्यका लागि पार्टी केन्द्रीय परिषद् सदस्य कमल घिमिरे र क्षेत्र नम्बर २ प्रदेशसभा सदस्यका लागि (ख) बाट जिल्ला सचिवालय सदस्य हरि घर्तीको नाम सिफारिस गरिएको प्रचार विभाग प्रमुख शर्माले बताउनुभयो । यस्तै क्षेत्र नम्बर २ बाट समानुपातिकतर्फ प्रदेश कमिटी सदस्य लिला शेरचन र पार्टी जिल्ला कमिटी उपाध्यक्ष केशर छन्त्याललाई सिफारिस गरिएको छ ।

# साफ च्याम्पियनसिपका लागि दुई राष्ट्रका खेलाडी काठमाडौँमा

**रासस**
**काठमाडौं, १७ भदौ**

नेपालले दोस्रो पटक आयोजना गर्न लागेको साफ च्याम्पियसिपमा सहभागिता जनाउनका लागि दुई राष्ट्रका खेलाडी नेपाल आइपुगेका छन् ।

यही भदौ २१ देखि असोज ३ गतेसम्म आयोजना हुने उक्त प्रतियोगिताका लागि भूटान र पाकिस्तानका खेलाडीहरु नेपाल आइपुगेको अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का प्रवक्ता सुरेश शाहले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । उहाँका अनुसार सहभागी सबै टोली आइतबारसम्म काठमाडौँ आइपुग्नेछन्।प्रतियोगितामाआयोजक नेपालसँगै भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश र भूटान गरी सात राष्ट्रको महिला राष्ट्रिय फुटबल टोली सहभागी छन् । सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूहको 'ए' मा नेपाल, श्रीलङ्का र भूटान छन् भने समूह 'बी' मा भारत बङ्गलादेश, पाकिस्तान र माल्दिभ्स रहेका छन् ।

उक्त प्रतियोगिताको तयारीका लागि एन्फाका वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्काको संयोजकत्वमा १९ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ । उपाध्यक्ष खड्काले उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिनुभयो । एन्फाले उक्त प्रतियोगिताको टिकेटिङ, मार्केटिङरबोर्डकास्टिङअधिकार भने हन्ड्रेड स्पोर्ट्स् म्यानेजमेन्ट प्राइभेट लिमिटेडलाई बिक्री गरेको छ । प्रतियोगितामा खेल हेर्न भिआइपी प्यारापिटतर्फ रु पाँच सय र साधारण प्यारापिटतर्फ रु तीन सयको टिकट तोकिएको छ ।

उक्त प्रतियोगिता सपन्न गर्नका लागि कूल रु तीन करोड ४७ लाख ६८० खर्च लाग्ने आयोजकले जनाएको छ । यसमध्ये सहभागी टोली र म्याच अफिसियलको खानपिन र बसोबास खर्च दक्षिण एशियाली फुटबल सङ्घ (साफ)ले बेहोर्नेछ भने खेल मैदानको तयारी र स्थानीय यातायात तथा अन्य स्थानीय खर्च एन्फाले बेहोर्नेछ ।

# व्यासमा त्रिचालिस बालबालिकालाई आवाससहितको शिक्षा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ भदौ**

व्यास नगरपालिकाले अतिविपन्न, अभिभावकविहीनलगायतका त्रिचालिस बालबालिकालाई आवाससहितको शिक्षा प्रदान गर्दै आएको छ ।

व्यास-७ शेषमटार नरङ्गामा 'व्यास नगर समता' विद्यालय स्थापना गरी यही भदौदेखि पठनपाठन सञ्चालनमा ल्याएको हो । विद्यालयमा अध्ययनरत ती बालबालिकालाई निःशुल्करुपमा खाना र आवासको व्यवस्था गरिएको नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले जानकारी दिनुभयो । विद्यालयमा पठनपाठन सुरुगरेपनिविधिवतरुपमाउद्घाटन गर्ने कार्यक्रम बाँकी रहेको उहाँले बताउनुभयो । नगरपालिकाभित्र शिक्षा विभागबाट काटिएको प्राविको ५३ दरबन्दीलाई परिपूर्ति गर्न स्वयमसेवक शिक्षक भर्ना प्रक्रिया अघि बढाइएको छ । वडा नं १० बैरेनीले जग्गा विकास योजना सम्पन्न गर्दा गण्डकी प्रदेश सरकार र नगर विकास कोषसँग स्रोत साझेदारीका लागि कार्य अघि बढाएकोछानगरपालिकाअन्तर्गतका योजनालाई व्यवस्थित र चुस्तदुरुस्त गर्न डिजिटलाइजेसन प्रविधि ल्याइएको छ । नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयको स्थापित सहायता कक्षबाट सेवाग्राहीलाई आवश्यक निवेदन र कागजातको फोटोकपी निःशुल्क उपलब्ध गराइँदै आएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । नगरवासीका समस्या सुन्न तथा गुनासो सुन्न २४ घण्टा नै खुल्ला रहने टोल फ्रि नं १६६०६५५२००६ सञ्चालनमा ल्याइएको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको सङ्कलित लगतलाई डिजिटलाइजेसन गरी वडा नं १, २, ३ मा निस्सा वितरण गरिएको छ । बाँकी फाइल डिजिटलाइजेसन गर्न आदिकवि भानुभक्त क्याम्पससँग तीस दिनको सम्झौता गरी द्रुतरुपमा काम सम्पन्न गर्न कार्य अगाडि बढाइएको नगरपालिकाले जनाएको छ । फोहोरमैला विसर्जनको स्थायी व्यवस्थापन गर्न नगरपालिकाले आफ्नै जग्गा खरिद गरी सरसफाइ केन्द्र स्थापना गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ ।

# स्याङ्जाको हरिनास जोड्ने सडकमा पहिरो

**प्रकाश डोटेल**
**स्याङ्जा, १७ भदौ**

तनहुँको दुलेगौडादेखि स्याङ्जाको हरिनास जोड्ने सडक अवरुद्ध भएको छ । केहि दिनदेखि परेको अबिरल वर्षापछि गएको पहिरोले दुलेगौडा-हरिनास सडक खण्ड अवरुद्ध भएको छ । एक दर्जन बढि स्थानमा पहिरो जाँदा सडक अवरुद्ध भएको हो ।

आर्थिक वर्ष २०७७/०७८ देखि पालिका केन्द्र जोडनका लागि निर्माण थालिएको सडक पुरा नहुँदै पहिरोले क्षतविक्षत बनाएको छ । सडकको करिब ४० प्रतिशत निर्माण कार्य सकिएको थियो । आर्थिक वर्ष २०७९/०८० अन्त्यसम्ममा सडक निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।



वर्षापछि गएको पहिरोले सडक निर्माणमा लगाईएको पर्खाल, नाली बगाएको छ । सडक निर्माणमा लगाईएको जालीहरु पहिरोले बगाएको छ । पहिरोले विभिन्न स्थानमा राखिएका निर्माण सामग्री समेत बगाएको निर्माण कम्पनीले जनाएको छ ।

३२ करोडमा निर्माण सम्पन्न गर्ने गरी गोल्डेन गुड बानियाँ जेभी निर्माण सेवाले सडक निर्माणको जिम्मा लिएको थियो । निर्माणाधीन सडकको पहिरोले झण्डै १ करोड क्षति पुऱ्याएको निर्माण कम्पनीका परियोजना प्रमुख सन्तोष खड्काले जानकारी दिए । वर्षापछि गएको पहिरोले सडक तोकिएकै समयमा निर्माण गर्न समस्या देखिएको छ ।

पहिरोबाट सवारी साधनहरु पूर्ण रुपमा अवरुद्ध भएको छ, भने पैदल यात्रीलाई आवातजावतमा समेत समस्या भएको स्थानीयले बताएका छन् । स्थानीयका अनुसार सडकको माथिल्लो भागबाट पहिरो खसेको छ भने कतिपय स्थानमा सडक भासिएको छ ।

सोही मार्ग भएर स्याङ्जाको चित्रेभञ्ज्याङ, मग्यामचिसापानी, बिरुवा र क्याक्मी गुड्ने सवारीहरु अलपत्र परेका छन् । एक दर्जन बढि स्थानमा गएको पहिरोले सवारी साधनहरु अलपत्र र ठपप अवस्थामा पुगेको सवारीधनीहरुले बताए । दैनिक रुपमा गुड्ने सवारीहरु पूर्ण रुपमा ठप्प भएको उनिहरुको भनाई छ । भारि वर्षापछि गाउँपालिका जोड्ने सडकमा पहिरो गएपछि पहिरो हटाउन र सडक मर्मत गर्न गाउँपालिकाले सक्रियता बढाएको छ । गाउँपालिकामा आउनेजाने सडक पहिरोले लथालिङ्ग भएको सडक सुचारु बनाउने विषयमा निर्माण पक्ष र सरोकारवाला निकायसँगै समन्वय भएको पालिकाले जनाएको छ ।

# मेलाजात्राका कारण पठनपाठन प्रभावित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ भदौ**

म्याग्दीका विद्यालय परिसरमा मेलाजात्रा सञ्चालन गरिँदा पठनपाठन प्रभावित हुन थालेको छ । विद्यालयमा हप्तौंसम्म खेलकुद र सांस्कृतिक मेला सञ्चालन गरिँदा विद्यार्थीको पठन पाठनमा असर परेको हो । स्थानीय तह, राजनीति दलका प्रतिनिधि र सरोकारवालाको सहभागितामा विसं २०७६ मा जारी भएको मेला-महोत्सवसञ्चालनसम्बन्धी कार्यविधिविपरीत विद्यालयमा पठनपाठन बन्द गरेर मेला सञ्चालन गर्ने क्रम बढेको छ ।

अन्नपूर्ण गाउँपालिका-८ राम्चेमा देउराली युवा क्लबले साउने सङ्क्रान्ति पर्वका अवसरमा सञ्चालन गरेको मेलाका कारण नौ दिन पठनपाठन रोकिएको थियो । जनैपूर्णिमा पर्वका अवसरमा अन्नपूर्ण गाउँपालिका-५ को शिख मावि मा मेला सञ्चालन गर्न सात दिन पठनपाठन बन्द भएको थियो । बेनी नगरपालिका-१० वाखेतको घारसुन्ना युवा क्लबको आयोजनामा गत हप्ता विद्योदय आधारभूत विद्यालय परिसरमा हरेलो र वडा नं ५ को द मनसुन युवा क्लबको आयोजनामा बालजागृति आधारभूत विद्यालय परिसरमा तीजपर्वका अवसरमा चुत्रेनीमा खेलकुद मेला सञ्चालन भएको थियो । धवलागिरि गाउँपालिका-७ को ताकम माविमा बुधबारदेखि तीजपर्वका अवसरमा खेलकुद र सांस्कृतिक मेला सञ्चालन भएको छ । स्थानीय युवा क्लबको आयोजनामा विद्यालय परिसरमा सञ्चालित मेलाका कारण विद्यालयको पठनपाठन ठप्प हुने गरेको छ । प्रायः सबै बस्तीमा आयोजना हुने मेलाजात्रा विद्यालय परिसरमा पठनपाठनै ठप्प पारेर आयोजना हुने गरेका छन् । विद्यालयमा राजनीतिक दल, सङ्घसंस्थाले कुनै बाहनामा विद्यालय बन्द गराउन नपाउने, विद्यालयमा राजनीतिक तथा अन्य शैक्षिक वातावरण प्रभावित हुने गतिविधि नगर्ने भनिए पनि 'विद्यालय शान्ति क्षेत्र' को शर्तविपरीत विद्यालयको पठनपाठन नै बन्द गरी मेलाजात्रा लगाउने प्रचलन बढ्दै गएको छ ।

विद्यालय परिसरमा मेलाजात्रा सञ्चालन गर्दा पठनपाठनको वातावरण नहुने र विद्यार्थी खेल्न जाँदा उनीहरुको पढाइ छुटेर पाठ्यक्रम पूरा गर्न तथा सिकाइ उपलब्धिमा असर परेको अन्नपूर्ण गाउँपालिका-७ को टिकोट माविका प्रअ ठकराज पुन (प्रदीप)ले बताउनुभयो ।

"विद्यालयको कक्षा कोठामा भट्टीपसल राखेर जाँडरक्सी व्यापार कहिलेसम्म गर्ने ? मेलाजात्राको समय घटाऔँ । मेला गर्ने नै भए पनि विद्यालय बाहिर स्थान खोज्नुपर्छ", उहाँले भन्नुभयो, "शैक्षिक पात्रोअनुसार त्रैमासिक परीक्षासमेत प्रभावित हुने गरी विद्यालयमा मेला लाग्दा शिक्षक/विद्यार्थीको पीडा, मेलाजात्रा लाग्ने स्थानको विकल्प खोजौँ । मदिराव्यापारीले मेलाजात्रा लम्ब्याउन प्रेरित गर्ने गरेका छन् । अब मेलाजात्राको शैलीमा परिवर्तन आवश्यक छ ।" धार्मिक, सांस्कृतिक तथा खेल क्षेत्रलाई प्रोत्साहन गर्ने भन्दै आयोजना गरिने मेला/जात्रा बालविवाहको अखडा, मदिरामय र लम्मेतान हुँदा गाउँको सुरक्षा, अर्थतन्त्र र शैक्षिक वातावरण खलबलिएको भन्दै तीन वर्षअघि जिल्ला प्रशासन कार्यालयले मेला तथा महोत्सवसम्बन्धी २२ बुँदे मापदण्ड निर्माण गरी स्थानीय पालिका, प्रहरी, राजनीतिक दल, व्यवसायीसमेत सर्वपक्षीय भेलाबाट अनुमोदन गरेको थियो । स्थानीय तहका जनप्रतिनिधिले मेला अवधि छोट्याउन, सुरक्षा व्यवस्थापन गर्न र पठनपाठनमा असर नपार्न क्लबका पदाधिकारीसँग छलफल गरेको बताएका छन् । कार्यविधि कार्यान्वयनका लागि धवलागिरि गाउँपालिकाले भदौ पहिलो हप्ता युवा क्लबका पदाधिकारीसँग छलफल गरेको उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो । अन्य स्थानीय तहका जनप्रतिनिधिले खेलकुदका लागि विद्यालयभन्दा फरक ठाउँमा खेलमैदान बनाउने र एकवटा वडामा वर्षमा एकवटा मात्र मेला सञ्चालन गराउन पहल गरेको बताएका छन् ।

जिल्ला प्रशासन कार्यालयले मेला सञ्चालन गर्न अनुमति लिने क्रम बढेको जनाउँदै उनीहरुलाई कार्यविधि पालनामा जिम्मेवार बन्न सचेत बनाएको जनाएको छ । स्थानीय तहहरूसँग छलफल गरेर कार्यविधि कार्यान्वयनमा कडाइ गर्ने प्रयास गरेको प्रजिअ चिरञ्जीवी रानाले बताउनुभयो । कोरोना महामारीका कारण यसअघिका दुई वर्ष मेला महोत्सव सञ्चालन भएका थिएनन् । यस वर्ष मेलाजात्रा आयोजना गर्ने क्रम बढेको छ ।

# सभामुख अधिकारी प्रतिनिधिसभाका लागि सिफारिस

**पोखरापत्र संवाददाता**
**पर्वत, १७ भदौ**

गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारी पर्वतबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवारमा सिफारिस हुनुभएको छ । माओवादी केन्द्रको जिल्ला समन्वय समिति बैठकबाट अधिकारी प्रतिनिधिसभामा सिफारिस हुनुभएको हो ।

बिहीबार सम्पन्न माओवादी केन्द्रको बैठकले अधिकारीसहित प्रतिनिधिसभामा अन्य चार जनाको नाम पनि सिफारिस गरेको छ । अधिकारी यसअघि प्रदेशसभा 'क' मा विजयी हुनुभएको हो । उहाँ बाम गठबन्धनको साझा उमेदवारका रुपमा काँग्रेसका नवराज गुरुङलाई पराजित गरी प्रदेशसभामा विजयी हुनुभएको थियो । प्रदेशसभामा उहाँ सुरुआत समयदेखि नै सभामुखका रुपमा कार्यरत रहनुभएको छ । अधिकारीसँगै प्रतिनिधिसभामा माओवादी केन्द्रले केन्द्रीय सदस्य गुप्तबहादुर हमाल, गुणाखर बस्याल, जयनारायण तिवारी र गङ्गा तिमिल्सिनालाई पनि सिफारिस गरेको छ । बस्याल संविधानसभा सदस्यसमेत हुनुहुन्छ । हमाल भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा मोदी गाउँपालिका अध्यक्षमा पराजित हुनुभएको थियो भने उहाँ दोस्रो संविधानसभाको निर्वाचनमा कास्की जिल्लाबाट उम्मेदवार बन्नुभएको थियो ।